स्थानीय तह

# पुर्चौंडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हाट, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.२०८२/०८३
च.न.

पुर्चौंडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय हाट, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**भुक्तानी प्रक्रिया सम्बन्धी अत्यन्त जरुरी सूचना !**
**(सूचना प्रकाशन मिति २०८३/०२/२१)**

**श्री विषयगत शाखाहरू (सबै),**
**श्री वडा कार्यालयहरू (सबै),**
**श्री निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरू (सबै),**
**श्री संघसंस्था तथा सरोकारवालाहरू सबै ।**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १, ३, ७ र ८ बमोजिम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै निकासा तथा खर्चको लेखांकन अद्यावधिक गरी खर्च लेखांकन तथा भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । सोही बाध्यकारी व्यवस्था अनुसार चालु आ.व. २०८२/०८३ को स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मिति २०८३/०३/१५ गते पश्चात सूत्र लगायतको विद्युतीय प्रणालीमा अत्यधिक चाप पर्न जाने र विद्युतीय प्रणालीमा तोकिएको सीमा भन्दा बढी भार पर्न गएको अवस्थामा प्रणालीले अपेक्षाकृत रूपमा कार्य सम्पादन गर्न नसकी लेखांकन तथा भुक्तानी समस्या उत्पन्न भई सेवा अवरुद्ध हुन सक्ने भएकाले यस कार्यालय अन्तर्गतका विषयगत शाखा/वडा कार्यालय/उपभोक्ता समिति/निर्माण व्यवसायी/संघसंस्था तथा सरोकारवालाहरू सबैलाई चालु आ.वमा संचालित योजना तथा कार्यक्रमहरूको भुक्तानी प्राप्तिका लागि मिति २०८३/०३/१० गते भित्र यस कार्यालयमा रीतपूर्वक भुक्तानी योग्य प्रमाणित कागजात तथा बिल भरपाई पेश गरी दर्ता गराई भुक्तानी लिनुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ । साथै तोकिएको समय सीमाभित्र भुक्तानीको लागि कागजात पेश नभई ढिलो गरी पेश हुन आएमा सोको कारवाही नहुने र सरोकारवालाहरू नै स्वयं जिम्मेवार हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०८३/०२/२१
...............................
बीर बहादुर नेपाली
नि. प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Website: www.purchaudimun.gov.np
E-mail: ito.purchaundi@gmail.com

CamScanner